स्थानीय सरकार
मेलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बागमती प्रदेश

पत्र सङ्ख्या : ०८०/८१
चलानी नम्बर : सूचना नं: १५

भेङ्पु, दोलखा, नेपाल
मिति :

## करार सेवामा कर्मचारी आवश्यकता सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मिति २०८०/०६/०४)*

यस गाउँपालिकामा रिक्त पदहरुको करार सेवाबाट पदपुर्ती गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेद्वारहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र कार्यालय समयमा राजश्व तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। दरखास्त फारम सहितको विस्तृत विवरण कार्यालयबाट वा वेभसाईट www.melungmun.gov.np बाट उपलब्ध हुनेछ।

तपसिल

| विज्ञापन नं. | पद | तह | माग संख्या | कैफियत |
|---|---|---|---|---|
| ०१-०८०/८१ | सूचना प्रविधि अधिकृत | छैठौं | १ | |
| ०२-०८०/८१ | कम्प्युटर अपरेटर | पाँचौ | १ | |
| ०३-०८०/८१ | MIS अपरेटर | पाँचौ | १ | |
| ०४-०८०/८१ | हे.अ. | पाँचौं | २ | |
| ०५-०८०/८१ | अ.न.मी. | चौथो | २ | |
| ०६-०८०/८१ | वैद्य | चौथो | १ | |
| ०७-०८०/८१ | अमिन | चौथो | १ | |
| ०८-०८०/८१ | उद्यम विकास सहजकर्ता | चौथो | १ | |
| ०९-०८०/८१ | सामाजिक परिचालक | | १ | साविक डाँडाखर्क गा.वि.स.का बुहारीहरुले मात्र आवेदन दिन सक्ने |

देहाय

१. **आवश्यक न्यूनतम शैक्षिक योग्यता :**

<u>सूचना प्रविधि अधिकृत पदका लागि</u> : सूचना प्रविधि अधिकृतको शैक्षिक योग्यता लोक सेवा आयोगले लिने "कम्प्यूटर अधिकृत" पदको न्यूनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information and Communications technologies वा सो सरहको बिषयहरु मध्ये कुनै एक बिषय लिई स्नातक ( BIT, BIM, BBIS, BCA, BCIS, BEIT, Bsc.IT, Bsc.CSIT, BE. Electronics and Communication Engineering/BTech. Electronics and Communication Engineering उतीर्ण गरेको हुनुपर्ने।

<u>कम्प्युटर अपरेटर पदका लागि</u> : मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तीमा ६ महिनाको कम्प्युटर तालिम प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी विज्ञान तथा प्रविधि मन्त्रालयबाट Skilled Manpower को लागि संचालित ६ महिनाको कम्प्युटर तालिम प्राप्त।

<u>एम.आई.एस. अपरेटर पदका लागि</u> : मान्यता प्राप्त शिक्षण संस्थाबाट १०+ २ मा कम्प्युटर विषय लिई उत्तीर्ण गरेको वा कम्तीमा प्रविणता तह वा सो सरक उत्तीर्ण गरी कम्प्युटर सम्बन्धी कम्तीमा ६ महिना तालिम प्राप्त गरेको।

**हेल्थ असिष्टेन्ट पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सा विषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी नेपाल स्वास्थ्य परीषदमा दर्ता भएको।

**अ.न.मि. पदका लागि** : मान्यता प्राप्त संस्थाबाट अ.न.मि. कोर्ष उत्तीर्ण गरि नर्सिङ काउन्सीलमा दर्ता भएको।

**वैद्य पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी./एस.ई.ई. उत्तीर्ण गरी आयुर्वेद चिकित्सामा १८ महिने कोर्ष पुरा गरेको।

**उद्यम विकास सहजकर्ता पदका लागि** : प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) बाट उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २ वा ३ उत्तीर्ण गरेको।

**अमिन पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषयमा एस.एल.सी उत्तिर्ण वा एस.ई.ई. मा कम्तिमा सी ग्रेड प्राप्त गरी सर्भे वा जियोमेटिक्स विषयमा कम्तिमा १ वर्षको तालिम उत्तीर्ण गरेको।

**सामाजिक परिचालक पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा एस.एल.सी/एस.ई.ई. उत्तीर्ण गरेको।

२ **दरखास्त फाराम पाइने स्थान** : यस कार्यालयको प्रशासन शाखा वा वेभसाइट www.melungmun.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

३ **दरखास्त बुझाउने स्थान र अन्तिम मिति** : यस कार्यालयको प्रशासन शाखा वा ईमेल ठेगाना melungrmc@gmail.com मार्फत बैंक भौचर र कागजातहरु समेत स्क्यान गरी २०८०/०६/१५ (कार्यालय समय) भित्र ईमेल गरिसक्नु पर्नेछ।

४. **उमेर हद** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।

५. **दरखास्त फाराम साथ पेश गर्नुपर्ने कागजातहरु** : व्यक्तिगत विवरण CV, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, सम्बन्धित काउन्सिलबाट प्राप्त दर्ता प्रमाण पत्र र कार्यानुभवको प्रमाणपत्रको प्रतिलिपि उम्मेद्वार स्वयंले प्रमाणित गरी पेश गर्नुपर्नेछ।

६. **तलब सुविधा** : नेपाल सरकारको प्रचलित नियमानुसार।

७. **दरखास्त दस्तुर** : सामाजिक परिचालकका लागि रु ४०० (अक्षरेपी चार सय मात्र), सहायक स्तर चौंथो तहको लागि रु ५०० (अक्षरेपी पाँच सय रुपैयाँ मात्र), सहायक स्तर पाँचौ तहको लागि रु.६०० (अक्षरेपी छ सय रुपैयाँ मात्र) र अधिकृत स्तर छैठौं तहको लागि रु १२०० (एक हजार दुई सय मात्र) यस कार्यालयको सानिमा बैंक मेलुङ शाखामा रहेको MELUNG GA.PA.GA1.1 AANTARIK RAJASWA KHATA (खाता नं. 072010020000015) मा जम्मा गरेको सक्कल भौचर दरखास्त फारामसाथ पेश गर्नुपर्नेछ।

८. **परीक्षाको किसिम** : लिखित तथा मौखिक। (अनुभवी र कम्प्युटरमा दक्षलाई प्राथमिकता दिईनेछ)

९. **परीक्षा मिति** : पछि प्रकाशित गरिनेछ।

(थप जानकारीका लागि मोबाईल नं. ९८५११४९२०१ मा सम्पर्क गरी बुझ्न सकिनेछ।)

Sanjaya
०६/०८

सन्जय शिवाकोटी
प्रमुख प्रशासकीय अधिकृत